आज मिति २०८१ साल कात्तिक महिनाको ०२ गतेका दिन बिहान ८:०० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ५७ औ नगरकार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा वसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती:

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | अमृता |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रितः

१. श्री विष्णु प्रसाद पोखेल — प्रशासन शाखा प्रमुख

२. श्री ऋषिकेश भण्डारी — योजना शाखा प्रमुख

३. श्री मानस थापा — इन्जिनियर

४. श्री दिल बहादुर केसी — [illegible] प्रमुख

नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ५७
मितिः २०८१/०७/०२
समयः बिहान ८:०० बजे
स्थानः नगरपालिका सभाहल

**प्रस्तावहरुः**

१. अघिल्लो का.पा. बैठकको समिक्षा सम्बन्धमा।

२. नगर भित्रका बाटो मर्मत सम्बन्धमा।

३. एम्बुलेन्स संचालन सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. (१) प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८१/०६/२३ गते बसेको ५६ औ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषय छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. (२) प्रस्ताव नं. २** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका भित्रका तपसिलका मोटर बाटाहरु असोज महिनामा ५ दिन सम्म परेको अविरल वर्षाको कारण पहिरो गई क्षत विक्षत भई आँउदै गरेको महत्वपूर्ण चाड तिहारमा सडकको अभावले नगरवासीलाई आवत जावतमा कठीनाइ उत्पन्न भएकोले आवागमनमा सहजता ल्याउन नगरको व्याकहो लोडरले मात्र मर्मत गर्न नसक्ने भएकोले यस स्वर्गद्वारी नगरपालिकाको मर्मत सम्भार कोष शिर्षकमा रहेको रकम मध्येबाट रु ८,००,०००(अक्षरुपी आठ लाख रुपैया) खर्च हुने गरि प्राविधिक स्टिमेट अनुसार बाटो मर्मत सम्भार गर्ने निर्णय गरियो।

तपसिलः

१. कामिचार, बाकसिङ् टार हुदै टोडयार मोटर बाटो, (स्व.न.पा १)

२. कुसुण्डे, डाडाकटेरी हुदै बाह्रविसे मो.वा. (स्व.न.पा १)

३. लामधारा, बेलवास, डाडाखर्क, कल्लेरी, तिमिले, खैरेनी, खन्नेखोला मो.वा. (स्व.न.पा ६)

४. नौविसे गायखर्क, स्यानीलेख, साउनेपानी रोल्पा सडक (स्व.न.पा ५)

५. गोठिबाङ्, सिम्ले, घोरखन्ने, मो.वा. (स्व.न.पा ९)

६. लामाचौर, दिवाङ् हुदै दिवाङ्कोट मो.वा. (स्व.न.पा ९)

७. नुनेपानी शान्तीपार्क दहचौर हुदै धनचौर गरुम्प, ठूलीचौर मो.वा. (स्व.न.पा ८)

८. कुता, ओवि देखि घुष्टुङ सम्म मो.वा. (स्व.न.पा ८)

९. खैरेनी मौधारा हुदै सैनी नेटा मो.वा. (स्व.न.पा.८)

१०. साउने खोला हुदै टेकेन्टार मो.वा. (स्व.न.पा.८)

११. दहचौर कृषि सडक (स्व.न.पा.८)

१२. डाडागाउँ अमिलधारा कोट मो.वा.(स्व.न.पा.८)

१३. सारी दमार सरोजा डाफेधारा सडक (स्व.न.पा ५)

१४. जुडापाटा, नाम्रीकोट, पुन्दीप हुदै कालीपोखरी मो.वा.(स्व.न.पा ९)

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका २०७३

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका २०७३

१५. वर्तन मोटर बाटो (स्व.न.पा.३)
१६. डाडाखर्क, खोलाखर्क हुदै तामधारा मो.वा (स्व.न.पा.३)
१७. किमिचौर नेवारे मो.वा.(स्व.न.पा.३)
१८. डाडाखर्क, रोकाटोल मो.वा.(स्व.न.पा.३)
१९. वेलीवृज तापा तापकोट ओर्ला नुनेपानी धैरेनीछेडा मोटरवाटो (स्व.न.पा.७)
२०.तापा केप मोटरवाटो (स्व.न.पा.७)
२१. दगांलखोला, सोत्रे,रानीटार तापा सारी मोटरवाटो (स्व.न.पा.३)

**निर्णय नं. (३) प्रस्ताव नं.** ३ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको स्वास्थ्य संस्थाबाट संचालनमा रहेका एम्बुलेन्सहरु स्वर्गद्वारी नगरपालिका उपमेयर कोसेली सेवा कार्यक्रम संचालन कार्यविधि २०७६ को पाँचौ संशोधन २०८१ को परिच्छेद २ को दफा (३) मा व्यवस्था भए अनुसार प्रयोग गर्नुपर्ने र यदि ति एम्बुलेन्सहरु व्यस्त भएमा स्वास्थ्य शाखालाई जानकारी गराएर मात्र नीजि साधन प्रयोग गर्नुपर्ने गरि निर्णय गरियो । सो का लागि आवश्यक पर्ने कार्यविधि निर्माणको जिम्मा स्वास्थ्य शाखालाई दिने निर्णय गरियो ।

**अन्त्यमा आजको कार्यपालिका वैठक सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरियो ।**

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका २०७३

CamScanner

आज मिति २०८१ साल कात्तिक महिनाको ०३ गतेका दिन बिहान ८:०० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ५८ औ नगरकार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती:

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित:

| | |
|---|---|
| १. श्री दल वहादुर के.सी | जन स्वास्थ्य प्रमुख |
| २. श्री ऋषिकेश भण्डारी | योजना शाखा प्रमुख |
| ३. श्री मानस थापा | पूर्वाधार शाखा प्रमुख |

CamScanner

नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ५८
मितिः २०८१/०७/०३
समयः बिहान ८:०० बजे
स्थानः नगरपालिका सभाहल

**प्रस्तावहरुः**

१ अघिल्लो का.पा. बैठक समिक्षा सम्बन्धमा ।
२. ३ स कार्यविधि संसोधन सम्बन्धमा ।
३. विभिन्न निवेदन सम्बन्धमा ।
४. शान्तीपार्क वजेट र हेरालु सम्बन्धमा ।
५. सडकवोर्डको वजेट सम्बन्धमा ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रमवाट सञ्चालन हुने योजना तथा वजेट सम्बन्धमा ।
७. गेलखोला खा.पा. मर्मत सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. (१) प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८१/०७/०२ गते बसेको ५७ औ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. (२) प्रस्ताव नं. २** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको स्वास्थ्य प्रर्वधनका लागी ३ स अभियान सञ्चालन कार्यविधि २०७८ को दोश्रो संसोधन २०८१ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. (३) प्रस्ताव नं. ३** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा विभिन्न मितिमा प्राप्त निवेदनहरुलाई तपशिल अनुसार गर्ने निणर्य गरियो ।

तपशिलः

| क्र.स. | निवेदक नाम थर | ठेगाना | विषय | निर्णय गरिएको व्यहोरा |
|---|---|---|---|---|
| १ | सिता गाइन | स्वर्गद्वारी न.पा. ३ | साइकल दुर्घटना | रु. १००००(दशहजार) आर्थिक सहायता शिर्षकमा विनियोजित शिर्षकवाट उपलब्ध गराउने । |
| २ | प्रहरीचौकी कोचिवांग | स्वर्गद्वारी न.पा. १ | मोटरसाईकल मर्मत | १ नं वडा कार्यालयले व्यवस्था गर्ने । |
| ३ | वसन्ती ओली | स्वर्गद्वारी न.पा. १ | घर क्षती | आर्थिक सहायता कार्यविधि अनुसार विपद व्यवस्थापन कोषवाट रु. १५००० उपलव्ध गराउने । |
| ४ | ऋषिराम भण्डारी | स्वर्गद्वारी न.पा. ६ | मानसिक रोगीको उपचार | मानसिक स्वास्थ्य उपचार सहयोग शिर्षकवाट रु. |

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका २०७३

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | | १०,०००। उपलब्ध गराई पाटन मानसिक अस्पताल लाई निशुल्क उपचारका लागि सिफारिस गर्ने । |
| ५ | चामी सार्की | स्वर्गद्वारी न.पा. ३ | गोठ क्षती | आर्थिक सहायता कार्यविधि अनुसार विपद व्यवस्थापन कोषवाट रु.५००० उपलब्ध गराउने । |
| ६ | क्रान्तीकारी कम्यूनिष्ट पाटी नेपाल | | महाधिवेशन सम्पन्न गर्न सहयोग | रु. ३००००(तिस हजार) आर्थिक सहायता शिर्षकमा विनियोजित शिर्षकवाट उपलब्ध गराउने । |
| ७ | डम्मी घर्ति मगर/चुमान कंडेल | स्वर्गद्वारी न.पा. ५ | काठको मुडाले चाँपेको उपचार सहयोग | रु. २००००(विस हजार) आर्थिक सहायता शिर्षकमा विनियोजित शिर्षकवाट उपलब्ध गराउने । |
| ८ | ध्रुर्व गन्धर्व | | प्रथम जिल्ला भेला सम्पन्न गर्न सहयोग | रु. ५०००(पाँच हजार) आर्थिक सहायता शिर्षकमा विनियोजित शिर्षकवाट उपलब्ध गराउने । |
| ९ | तारा खडका | मुसीकोट न.पा.४ रुकुम | जन आन्दोलनमा घाईते आर्थिक सहयोग | रु. ५०००(पाँच हजार) आर्थिक सहायता शिर्षकमा विनियोजित शिर्षकवाट उपलब्ध गराउने । |
| १० | खिमा रोका क्षेत्री | स्व.न.पा ४ | छोरा गोपाल रोका क्षेत्रीको दुर्घटनामा परि घाँटीको हड्डीमा उपचार सहयोग | रु. ५०००(पाँच हजार) आर्थिक सहायता शिर्षकमा विनियोजित शिर्षकवाट उपलब्ध गराउने । |
| ११ | अ.ने.रा. स्व.वि.यू छैटौ ( केशव बुढाथोकी ) | | जिल्ला सम्मेलन सम्पन्न गर्न आर्थिक सहयोग | रु. ५०००(पाँच हजार) आर्थिक सहायता शिर्षकमा विनियोजित शिर्षकवाट उपलब्ध गराउने । |
| १२ | अ.ने.रा. स्व.वि.यू छैटौ ( देवेन्द्र कुवर) | | केन्द्रीय सम्मेलन सम्पन्न गर्न आर्थिक सहयोग | रु. १५०००(पन्ध्र हजार) आर्थिक सहायता शिर्षकमा विनियोजित शिर्षकवाट उपलब्ध गराउने । |

**निर्णय नं. (४) प्रस्ताव नं.** ४ माथि छलफल गर्दा पर्यटन मन्त्रालय र स्वर्गद्वारी नगरपालिकाको लागत साझेदारीमा निर्माण भएको यस नगरपालिकाको वडा नं ८ मा निमार्ण गरिएको शान्तीपार्कलाई प्राविधिक कार्यसम्पन्न प्रतिवेदन र सम्झौता अनुरुप भुक्तानी गर्नुपर्ने वाँकी रकम १६ औं (हिउदे) नगरसभावाट रकम व्यवस्थापन गरि भुक्तानी दिने

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका
२०७३

CamScanner

निर्णय गरियो । साथै शान्तीपार्कमा निमार्ण कार्य सम्पन्न भएको र त्यहाँ हेर्न आउने मानिसहरुको संख्या वढ्दै गएकाले १ जना हेरालु आवस्यक देखिएकाले १ जना हेरालु मासिक ८०००। (आठहजार) उपलब्ध गराउने गरि नगरपालिकावाट वजेट व्यवस्थापन गर्ने र वडा नं ८ को कार्यालयले दैनिक ज्यालादारीमा हेरालुको व्यवस्था गर्ने र रेखदेख गर्ने रसिद काटने र सो रकम नगरपालिकामा मासिक रुपमा जम्मा गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. (५) प्रस्ताव नं.** ५ माथि छलफल गर्दा सडकवोर्डको वजेटका विषयमा अर्को कार्यपालिकामा पूनः छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. (६) प्रस्ताव नं.** ६ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपशिल वमोजिमका आयोजनामा तपशिलको वजेट स्विकृत गर्ने निणर्य गरियो ।

तपशिल :

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ने.रा.मा.वि.भलाईडाँडा देखि सक्रिवाङ सम्म जोडने गोरेटो वाटो | स्वर्गद्वारी नगरपालिका वडा नं १ | १३३६००। | |
| २ | कुसुण्डे करौली वाटो देखि विद्यालय सम्म जोडने गोरेटो वाटो | स्वर्गद्वारी नगरपालिका वडा नं १ | २६७२००। | |
| ३ | दावाङपिपल केन्द्रमा मन्दिर तथा चौतारी निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं १ | ३३४०००। | |
| ४ | वांगे सल्ला रत्नखर्क हुदै हाम्जा जोडने गोरेटोवाटो | स्वर्गद्वारी नगरपालिका वडा नं २ | २३३८००। | |
| ५ | कोट दोमै गोरेटोवाटो निर्माण आयोजना | स्वर्गद्वारी नगरपालिका वडा नं ३ | २००४००। | |
| ६ | छेडा पोखरी देखि ओधार्ने हुदै जोगीमारा जोड्ने गोरेटो वाटो निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं ३ | २००४००। | |
| ७ | बेहोरेखोलामा पोखरी तथा कुलो निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं ४ | १६७०००। | |
| ८ | मैटार पक्कीवाटो निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं ५ | १३३६००। | |
| ९ | जरुवाखेत टाकुरा जाने गोरेटो वाटो निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं ५ | १३३६००। | |
| १० | वडा भित्रका सवै पुराना पोखरी मर्मत | स्वर्गद्वारी नगरपालिका वडा नं ५ | २००४००। | |
| ११ | टाकुरा सिद्धथानपक्की गोरेटोवाटो निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं ६ | ६६८००। | |
| १२ | खन्नेखोला सिमलखर्क गोरेटो वाटो निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं ६ | १००२००। | |
| १३ | ओरला सिंचाईपोखरी निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं ७ | २३३८००। | |

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका २०७३

| | | | | |
|---|---|---|---|---|
| १४ | घुष्टुंग गडाटोल पुरानोटोल हुदै ढिक जाने वाटो | स्वर्गद्वारी नगरपालिका वडा नं ८ | १३३६००। | |
| १५ | हिरुङखोला छापधारा गोरेटोवाटो तथा सिचाई कुलो निमार्ण | स्वर्गद्वारी नगरपालिका वडा नं ९ | ८६८४००। | |
| | | जम्मा रकम | ३४६८००। | |

**निर्णय नं. (७) प्रस्ताव नं.** ७ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं ४ को गेलखोला मुलमा वर्षातले खानेपानीको मूल तथा इन्टेक क्षत विक्षत पारेकोले सो गेलखोला खा.पा. आयोजना मर्मत गर्न आवस्यक देखिएकाले खानेपानी तथा सरसफाई शिर्षकमा १५औं नगरसभावाट विनियोजित रु. १००००००। (दश लाख) मध्येवाट रु. ५०००००। (पाँच लाख) रकम वरावरको वजेट उपलव्ध गराई योजना मर्मत गर्ने निर्णय गरियो।

**निर्णय नं. (८) विविध (क) प्रस्ताव नं.** ८ **विविध (क)** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकामा तिहार भव्य रुपमा मनाइने भएकाले मिति २०८१/७/२० र २१ गते जम्मा २ दिन स्थानीय तहले दिन पाउने ३ दिन विदा मध्ये २ दिन खर्च हुने गरि यस स्वर्गद्वारी नगरपालिका अन्तर्गतका शाखा, वडा कार्यालय, तथा शिक्षण संस्था तथा स्वास्थ्य संस्थामा (आकस्मीक सेवा वाहेक) सार्वजनिक सेवा वन्द गर्ने र सार्वजनिक सूचना सम्प्रेषण गर्ने निर्णय गरियो।

**अन्त्यमा आजको ५८ औं कार्यपालिका वैठक सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरियो।**

प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका २०७३